"समृद्ध छथर निर्माणको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू नं. :- ५४-०८०/०८१

## धार्मिक, सांस्कृतिक स्थानहरुको सूचिकृत कार्य सम्बन्धी अत्यन्तै जरुरी सूचना ।
### प्रकाशन मिति :- २०८०।०९।२५

प्रस्तुत सम्बन्धमा छथर गाउँपालिका, गाउँ कार्यपालिकाको मिति ०८०।०९।२२ गतेको वैठकको निर्णयानुसार यस पालिका भित्रका सम्पुर्ण मठ, मन्दिर, माङ्हिम, गुम्बा, चर्च, देविथान, देवाली स्थल, चुम्लुङ स्थल, गढी दरबार, नागा ओडार, समाधि स्थल, घाट, हिटि, सामुहिक पुजा स्थल, मेला स्थल, धार्मिक रुपमा आस्था राखिएका स्थल लगायतका सम्पुर्ण **धार्मिक, सांस्कृतिक क्षेत्र**हरुको वृस्तित कार्यक्रम एवं परियोजना निर्माण गरि पहिचान, संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्दै धार्मिक, सांस्कृतिक महत्वलाई थप उजागर गर्नको लागि यस पालिकाले उक्त महत्वका स्थानहरुलाई सूचिकृत गर्ने निर्णय भएको हुदाँ तपसिल बमोजिमका कागजातहरु साथ यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र पालिका कार्यालयमा सम्बन्धित सबैले सूचिकृत गराउनुहुन अनुरोध छ ।

**तपसिल**

१. सांस्कृतिक तथा धार्मिक ठाउँको अवस्थिती, महत्व झल्कने गरिको स्थलगत सर्जमिन मुचुल्का -सक्कल १ प्रति (**अनिवार्य**)

२. वडा कार्यालयको सिफारिस (**अनिवार्य**)

३. आधिकारिक रुपमा संरक्षण समिति/समुह/संस्था गठन भएको भए सो को विधान र निवेदन पत्र (**भएमा**)

४.सम्बन्धीत टोल विकास संस्थाको निर्णय सहितको निवेदन पत्र (**बुदाँ नं. ३ बमोजिमको कागजात नभएमा अनिवार्य** )

५. सांस्कृतिक तथा धार्मिक महत्व प्रष्ट्याउने लिखत (**भएमा**)

६. सांस्कृतिक तथा धार्मिक ठाउँको अवस्थिती, महत्व तथा दृश्य झल्कने गरिको रंगिन तस्बिर - २ प्रति (**अनिवार्य**)

.........................

इन्द्रकमल श्रेष्ठ

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री सूचना प्रविधि शाखा :- सूचना सार्वजनिक गर्नुहुन ।